मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मायादेवी गाउँपालिका
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या: ०७९।८०
चलानी नं.:

www.mayadevimunkapilvastu.gov.np
mayadevirm@gmail.com

## सेवा करारमा कर्मचारी लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मितिः २०७९।०५।१५**

प्रस्तुत विषयमा यस मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९/०५/११ गतेको निर्णयानुसार गाउँपालिका मातहतका विभिन्न स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका तपसिल बमोजिमको विज्ञापनमा उल्लेखित पदहरुमा स्थायी वा अन्य जुन सुकै किसिमले पदपूर्ती भई आएमा स्वतः हटने गरि हाललाई उक्त पदहरुमा सेवा करारमा पदपूर्ती गर्नुपर्ने आवश्यक भएको हुँदा, योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुनकालागि सम्बन्धित सबैमा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । साथै दरखास्त फाराम यस कार्यालयबाट वा यस कार्यालयको वेबसाईट www.mayadevimunkapilvastu.gov.np मा गई डाउनलोड गर्न सकिनेछ । म्याद नाघी दरखास्त प्राप्त हुन आएमा सो दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| विज्ञापन नं. | विज्ञापन गरिएको पद | तह | सेवा / समूह | माग संख्या | दरखास्त दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| २२/०७९/०८० | मेडिकल अधिकृत | अधिकृतस्तर आठौं | स्वास्थ्य/ज.हे.स. | १ (एक) | १५००/- | नेपाल सरकारको स्वीकृत दरवन्दी अनुसार |
| २३/०७९/०८० | हेल्थ असिस्टेन्ट | सहायक पाँचौ | स्वास्थ्य/हे.ई. | ४ (चार) | ७००/- | नेपाल सरकारको स्वीकृत दरवन्दी अनुसार |
| २४/०७९/०८० | स्टाफ नर्स | सहायक पाँचौ | स्वास्थ्य/जनरल नर्सिंग | १ (एक) | ७००/- | नेपाल सरकारको स्वीकृत दरवन्दी अनुसार |
| २५/०७९/०८० | अ.न.मी. | सहायक चौथो | स्वास्थ्य/ प.हे.न. | ५ (पाँच) | ५००/- | १ जना पालिकाको आन्तरिक स्रोतबाट र बाँकी ४ जना नेपाल सरकारको स्वीकृत दरवन्दी अनुसार |
| २६/०७९/०८० | अ.हे.व. | सहायक चौथो | स्वास्थ्य/हे.ई. | ८ (आठ) | ५००/- | १ जना पालिकाको आन्तरिक स्रोतबाट र बाँकी ७ जना नेपाल सरकारको स्वीकृत दरवन्दी अनुसार |
| २७/०७९/०८० | ल्याव असिस्टेन्ट | सहायक चौथो | स्वास्थ्य/मे.ल्या.टे. | ३ (तीन) | ५००/- | २ जना पालिकाको आन्तरिक स्रोतबाट र बाँकी १ जना नेपाल सरकारको स्वीकृत दरवन्दी अनुसार |
| २८/०७९/०८० | कार्यालय सहयोगी | श्रेणीविहिन | - | २ (दुई) | ३००/- | नेपाल सरकारको स्वीकृत दरवन्दी अनुसार |

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

- **मेडिकल अधिकृतको हकमा:**
  नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS कोर्ष उर्तिण गरी NMC मा दर्ता भएको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि हुनुपर्ने,
- **हेल्थ असिस्टेन्टको हकमा:**
  नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट H.A. कोर्ष उर्तिण गरी सम्बन्धित परिषदमा दर्ता भएको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि हुनुपर्ने,
- **स्टाफ नर्सको हकमा:**
  नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट Staff Nurse कोर्ष उर्तिण गरी सम्बन्धित परिषदमा दर्ता भएको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि हुनुपर्ने,
- **अ.हे.व. को हकमा:**
  नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व.कोर्ष उर्तिण गरी सम्बन्धित परिषदमा दर्ता भएको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि हुनुपर्ने,

२०७९।५।१५

**प्रमेश्वर यादव**
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

➢ अ.न.मी. को हकमा:

नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी.कोर्ष उर्तिण गरी सम्बन्धित परिषदमा दर्ता भएको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि हुनुपर्ने.

➢ ल्याब असिस्टेन्टको हकमा:

नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याव असिस्टेन्ट कोर्ष उर्तिण गरी सम्बन्धित परिषदमा दर्ता भएको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि हुनुपर्ने.

➢ कार्यालय सहयोगीको हकमा:

नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ कक्षा उर्तिण गरेको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि हुनुपर्ने,

२. **उमेर हद:** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने ।

३. **दरखास्त दिने स्थान:** मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,पकडी,कपिलवस्तु ।

४. **दरखास्त दिने अन्तिम मिति:** २०७९।०५।२१ गते, यदि उक्त दिन सार्वजनिक विदा परेको खण्डमा विदाको भोलिपल्ट कार्यालय समय भित्र ।

५. **छनौटको किसिम:** मायादेवी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ बमोजिम हुनेछ ।

६. **आवेदन साथ संलग्न कागजातहरु:** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरु

- नागरिकता,
- कम्तीमा न्युनतम योग्यताको लब्धांक प्रमाण पत्र,
- चारित्रिक प्रमाण पत्र,
- अनुभव भए अनुभव सम्बन्धी आवश्यक कागजात,
- २ प्रति पासपोर्ट आकारको फोटो,
- नेपाल बाहिरा अध्यन्न गरेको खण्डमा समकक्षता प्रमाण-पत्र अनिवार्य पेश गर्नुपर्ने छ ।

७. **तलव भत्ता तथा अन्य सुविधा :** नेपाल सरकारको स्वीकृत दरवन्दीमा पदपूर्ती हुनेहरुको हकमा नेपाल सरकारको नियमानुसार हुनेछ र पालिकाको आन्तरिक स्रोतबाट पदपूर्ती हुनेको हकमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

८. **काम गर्नुपर्ने स्थान:** मायादेवी गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा ।

**पुनश्च:** नेपाल सरकारको प्रचलित कानून बमोजिम नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्ने,

२०७९।४।१८

प्रमेश्वर यादव

**प्रमेश्वर यादव**

प्रमुख प्रशासकीय अधिकृत

CamScanner